आज मिति २०७७/०९/२९ गतेका दिन जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वका प्रमुख जिल्ला अधिकारी श्री राज कुमार राईको अध्यक्षतामा कार्यालयका कर्मचारीहरुको पौष महिनाको मासिक बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| श्री राज कुमार राई | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री अञ्जु पोखरेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री विरेन्द्र विष्ट | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री खम्बु रावत | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री नारायणी खड्का के.सी. | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री केशव थापा | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री विर प्रताप पुन | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री आशाराम पुन मगर | खरिदार | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री लक्ष्मण खत्री | खरिदार | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री बल बहादुर श्रेष्ठ | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री करण बुढा मगर | विवरण दर्ता अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री बासुदेव कामी | हलुका सवारी चालक | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री रिता आचार्य | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री सुस्मिता श्रेष्ठ | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री दिपिका गौतम | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री पूर्ण बहादुर खत्री | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री रेशम कुमार रोका मगर | सूचना समन्वयकर्ता | |
| श्री निर्मला बुढाथोकी | कार्यालय सहयोगी | |
| निकिता मल्ल | लेखन सहयोगी | |

निर्णय नं. १

२०७७ साल पौष महिनाको २९ दिनमा गरिएको नवप्रवर्द्धनात्मक कार्य सम्पादनको समीक्षा गर्दा तपशिलका २९ क्रियाकलापहरु सकरात्मक भएको समीक्षा गरियो ।

तपसिलः

१. कार्यालयको Website मा कार्यालयको गतिविधिहरु नियमित Update गरिएको ।
२. अपाङ्ग, जेष्ठ नागरिक, महिला, दलितहरुका लागि सहायता कक्षको स्थापना ।
३. दलित समुदायको नामथर राष्ट्रिय दलित सेवा आयोगको सूचीमा नरहेकोले सो सूची भन्दा बाहिरका दलितले नागरिकता प्राप्त गर्न कठिन भएकोले गृह मन्त्रालय, राष्ट्रिय दलित आयोग र स्थानीय तहहरुसँग समन्वय गरी तत्काल छुटेका दलित जातका थरहरु सूचिकृत गर्न समन्वय गरी लेखी पठाईएको ।
४. रुकुमकोट निर्माणाधिन रिङ्गरोडमा गुणस्तरहिन काम भईरहेको भन्ने गुनासोलाई सम्वोधन गर्न निर्माणाधिन सडकमै गई निरिक्षण गरी गुणस्तरीय काम गर्न निर्देशन गरेको ।
५. दलित उत्थानको लागि जिल्लास्थित सरोकारवाला दलित अधिकारकर्मीहरुसँग बहस पैरवी, समस्या समाधानका लागि उपायहरुको खोजी ।
६. सिस्ने गाउँपालिकाका ज्येष्ठ नागरिकहरुसँग छलफल, समस्या र समाधानका उपायहरुको विषयमा प्रमुख जिल्ला अधिकारीको तर्फबाट गरिने सहयोगको प्रतिवद्धता ।
७. जिल्लास्थित सबै बैङ्कहरुलाई सामाजिक उत्तरदायित्व अन्तर्गत ठोस र नतिजामूलक कार्यमा खर्च गर्नको लागि निर्देशन र सामुहिक निर्णय ।
८. सबै कार्यालयहरुलाई समतामूलक सेवा प्रवाह गर्नका लागि हेल्पडेस्क स्थापना गर्न कार्यालय प्रमुखहरुको बैठकबाट निर्णय पारित ।
९. कर्मचारीहरुको गुनासा सम्वोधन गर्न प्रमुख जिल्ला अधिकारीले शाखागत रुपमा बैठक बसी कर्मचारीको उत्प्रेरणा र मनोबललाई बढाएको ।
१०. जिल्लास्थित सबै विद्यालयहरुमा लागु औषध नियन्त्रणका लागि विद्यालयले कक्षाकोठामा लागु औषधका विषयमा पठनपाठन गर्ने गराउने, मासिक रुपमा कम्तिमा एकपटक निवन्धलेखन, कवित लेखन, वादविवाद जस्ता लागु औषधको विषयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न गराउनका लागि सबै विद्यालयहरुलाई निर्देशन
११. जिल्लास्थित सबै आयोजनाहरुको समस्याहरुलाई समाधान गर्न चौतर्फी समन्वय र सञ्चार गरिएको ।
१२. सबै सरकारी कार्यालयहरुलाई अनिवार्य रुपमा अर्धवार्षिक कार्य प्रगति प्रतिवेदन सार्वजनीकरण गर्नका लागि सहजीकरण गरिएको ।
१३. राष्ट्रसेवकहरुको नविनतम सार्वजनिक विचारहरुलाई प्रकाशन गर्नका लागि नविनतम सेवा प्रवाह पुस्तिका, २०७७ प्रकाशन ।

१४. सबै कार्यालयहरुलाई सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम अनिवार्य रुपमा सूचना अधिकारीको नाम, सम्पर्क नम्वर र फोटो सहित फ्लेक्स बोर्डमा राख्न लगाईएको ।

१५. सेवा प्रवाहको पहुँच सबै नागरिकहरु सम्म पुऱ्याउन र बृद्धि गर्न नागरिक सचेतना अभिवृद्धि गर्नका लागि सरोकारवाला निकाय र संघसंस्थाको परिचालन गर्न सुरु गरिएको ।

१६. हिमपात प्रतिकार्य बमोजिम जिल्लाका जोखिमपूर्ण नागरिकहरु ज्येष्ठ, गरिब, सुत्केरी, अपाङ्ग जस्ता वर्गलाई न्यानो कपडा तथा सामग्रीहरु वितरण गर्न स्थानीय पालिकाहरुसँग समन्वय गरिएको र जिल्ला विपद् व्यवस्थापन समितिले समेत वितरण गर्नका लागि प्रक्रिया बढाएको ।

१७. विशिष्ट व्यक्तित्वहरु मन्त्रालयका सचिव, सर्वोच्च अदालतका मुख्य न्यायाधिश आदिले दिनु भएको सुझाव र पृष्ठपोषणको कार्यान्वयन गरिएको ।

१८. जिल्लाको समग्र शान्ति सुरक्षालाई सव्यवस्थित गर्न सरोकारवालाहरुसँग निरन्तर समन्वय, सञ्चार र सहकार्य गरिएको ।

१९. जिल्लास्थित गैह्रसरकारी संघसंस्थाहरुसँग निरन्तर सहकार्य ।

२०. जिल्लास्थित निर्माणाधिन हाइड्रो पावरहरुको अनुगमन र निरीक्षण गरी समयमै काम सम्पन्न गर्ने उपायहरुका विषयको खोजी ।

२१. गृह मन्त्रालय लगायत अन्य निकायहरुसँग संस्थागत सुधारको लागि निरन्तर सम्पर्क र सञ्चार रहेको ।

२२. CIMS Software मार्फत पुरानो नागरिकताको अभिलेख इन्ट्रीको काम १४९०० (चौध हजार नौ सय) जनाको भएको ।

२३. राष्ट्रिय परिचयपत्रको लागि १००० (एक हजार) जनाको विवरण दर्ता भएको र सो शाखाले सेवाग्राहीको गुनासा संकलन गरी सम्वोधन समेत गर्ने गरेको ।

२४. कार्यालय परिसरमा बिहान बेलुकी २ पटक सरसफाई गर्ने गरिएको ।

२५. सशस्त्र द्वन्द्वमा घाईते अपाङ्ग भएकाहरुको नाम छुटेको भन्ने गुनासा आएकोले त्यस्ता छुट भएका घाईते अपाङ्गहरुको विवरण संकलन गरिएको । र उनीहरुको अपाङ्गता प्रतिशत निर्धारण गरी पुनरावलोकन गर्न मन्त्रालयमा पठाउन लागिएको ।

२६. अति ज्येष्ठ, गरिव, पिडित र अपाङ्गता भएका सेवाग्राहीहरुको सेवा परामर्शमूलक र छिटो छरितो गर्ने गरिएको ।

२७. कार्यालयको सेवा प्रवाहलाई गुनासोरहित र अब्वल बनाउनका लागि सबै कर्मचारीहरु नवप्रवर्द्धनात्मक ढंगले काम गर्ने गरिएको ।

२८. प्रमुख जिल्ला अधिकारीले सबै शाखामा आफै उपस्थित भई शाखाका कर्मचारीहरुको काम कारवाहीको उपचारात्मक सुपरिवेक्षण गर्ने गरिएको ।

२९. आ.व. २०७७/०७८ को कार्यप्रगतिको अर्धवार्षिक प्रतिवेदनको ऐतिहासिक सार्वजनिकरण ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

**निर्णय नं. २**

यस कार्यालयको खरिदार श्री लक्ष्मण खत्री ले २०७७ साल यस पौष महिनामा नवप्रवर्द्धनात्मक एवं नागरिकमैत्री सेवा प्रवाहमा उत्कृष्ट कार्य गरेको हुँदा २०७७ साल पौष महिनाको उत्कृष्ट कर्मचारीको रुपमा छनोट गरियो ।

**निर्णय नं. ३**

चालु आ.व. २०७७/०७८ को अर्धवार्षिक कार्यप्रगति प्रतिवेदन सार्वजनिकीकरण गरी सुझाव संकलन भएको र सार्वजनिकीकरणबाट आएका पृष्ठपोषण र सुझावको आधारमा सेवा प्रवाहमा थप सुधार गर्ने ।

**निर्णय नं. ४**

आ.व.२०७७/०७८ को अर्धवार्षिक कार्यप्रगति प्रतिवेदन र सुझाव संकलन कार्यक्रमबाट आएको सुझावहरुलाई तत्काल कार्ययोजना बनाई आगामी अर्धवार्षिक सेवा प्रवाहमा सुधार गर्ने ।

प्रमुख जिल्ला अधिकारी